# मुलुकी देवानी संहिता, २०७४ तथा मुकुकी देवानी कार्यविधि संहिता, २०७४ सम्बन्धी कानूनलाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी प्रतिवेदन, २०७९

१. **पृष्ठभूमि** :

सम्वत् २०७४ साल आश्विन ३० गते प्रमाणिकरण भई सम्वत् २०७५ साल भाद्र १ गतेदेखि प्रारम्भ भएका मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ कार्यान्वयनमा आएको चार वर्ष पूरा हुन लागेको छ। तीन वर्षभन्दा बढी अवधिको कार्यान्वयन क्रममा प्राप्त अनुभवको आधारमा उल्लिखित दुई संहितामा रहेका केही प्रावधानमा थप परिमार्जन र संशोधन गरी यसमा आवश्यक सुधार हुनु पर्ने सरोकारवाला निकायको धारणा रहेको देखिन्छ। विभिन्न समयमा विभिन्न निकायमा भएका माननीय न्यायाधीश तथा अदालतका कानून कार्यान्वयन गर्ने अधिकारीसंगको अन्तरक्रिया तथा छलफल, न्यायाधीशहरुको सम्मेलन, बरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरु र सरोकारवालाहरुबाट समेत मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा सुधार गर्न सुझाव दिएको पाइन्छ ।

कानूनको सुधार निरन्तर रुपमा हुने प्रक्रिया हो। कानूनलाई समय सापेक्ष बनाई यसलाई गतिशील बनाउन समय समयमा कानूनको समीक्षा भई समसामयिक सुधारको आवश्यक हुन्छ। कानूनको समसामयिक सुधारबाट नै कानून प्रणालीले स्थायित्व प्राप्त गरी यसलाई मानव अधिकार मैत्री र सूचना प्रविधि मैत्री बनाउन सम्भव हुन्छ। यही कुरालाई मध्य नजर गरी नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिमको जिम्मेवारी पूरा गर्नका लागि मुलुकी देवानी संहिता, २०७४ तथा त्यससँग सम्बन्धित कार्यविधि कानूनको संशोधन र परिमार्जन गरी मस्यौदा तयार गर्न नेपाल कानून आयोग (यस पछि "कानून

नेपाल कानून आयोग

आयोग" भनिएको) ले देहाय बमोजिमको एक कार्यदल (यस पछि "कार्यदल" भनिएको) गठन गरेको थियो :-

(१) श्री जागेश्वर सुवेदी, अध्यक्ष, नेपाल कानून आयोग -संयोजक

(२) श्री लीला देवी गडतौला, सचिव, नेपाल कानून आयोग -सदस्य

(३) श्री नारायण प्रसाद पन्थी, रजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य

(४) श्री भरतमणि रिजाल, सहसचिव, नेपाल कानून आयोग -सदस्य

(५) श्री हुम बहादुर के.सी., सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(६) श्री आयाम शर्मा, शाखा अधिकृत, नेपाल कानून आयोग -सदस्य-सचिव

२. **कार्यदलको कार्यक्षेत्र** :

कार्यदललाई मुलुकी देवानी संहिता, २०७४ (यस पछि "देवानी संहिता" भनिएको) तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ (यस पछि "देवानी कार्यविधि संहिता" भनिएको) को अध्ययन गरी त्यसमा तत्काल गर्नुपर्ने सुधार तथा संशोधनको प्रारुप तयार गरी संशोधनको मस्यौदा पेश गर्न कार्यदिश सुम्पिएको थियो। कार्यदललाई नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, फैसला कार्यान्यन निर्देशनालय तथा अन्य सम्बद्ध निकायबाट आयोगमा प्राप्त सुझाव अध्ययन गर्न तथा देवानी कानूनसँग सम्बन्धित विषय विज्ञबाट सुझाव प्राप्त गर्ने कार्यदिश दिइएको थियो।

३. **अध्ययन र मस्यौदा विधि** :

कार्यदलले आफूलाई प्राप्त गरेको कार्यदिश पूरा गर्न अध्ययनपत्र तयार गरी मोटामोटी रुपमा उल्लिखित संहितामा तत्काल गर्नु पर्ने सुधारको विषय पहिचान गरेको थियो। नेपाल कानून आयोग र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (यस पछि "कानून मन्त्रालय"

भनिएको) को संयुक्त आयोजनामा देवानी संहिता तथा देवानी कार्यविधि संहिताका कार्यान्यनमा देखिएका समस्या सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको अध्यक्षतामा उच्च अदालत पाटनका माननीय न्यायाधीश, काठमाडौं उपत्यकाका जिल्ला न्यायाधीश, वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा अन्य सरोकारवाला निकायसँगको अन्तर्क्रिया कार्यक्रमबाट विभिन्न सुझावहरु प्राप्त भएको थियो।

पहिचान भएका विषयमा विभिन्न निकायबाट प्राप्त सुझाव तथा अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त सुझावका आधारमा संशोधनको प्रारम्भिक मस्यौदा तयार पारिएको थियो। प्रारम्भिक मस्यौदा उपर कार्यदलका सदस्यहरु बीच दफावार छलफल गरिएको थियो। प्रारम्भिक मस्यौदामा कार्यदलले देवानी कानूनका विज्ञ, देवानी कानूनको कार्यान्वयनमा प्रत्यक्षरुपमा संलग्न पदाधिकारीसँग छलफलका क्रममा काठमाडौं उपत्यकाका उच्च अदालत, जिल्ला अदालतका रजिष्ट्रार र श्रेष्तेदार तथा फैसला कार्यान्वयन अधिकारीलाई समेत आयोगमा आमन्त्रण गरी भौतिक दूरी कायम गर्दै आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा सहसचिवहरु सँगको उपस्थितिमा छलफल गरिएको थियो।

त्यस्तै आयोगका निवर्तमान अध्यक्ष श्री माधव पौडेल, महिला अधिकारकर्मीहरु तथा विभिन्न नागरिक समाजका प्रतिनिधीहरुलाई समेत आयोगमा अलग अलग आमन्त्रण गरी छलफल गराई राय प्रतिक्रियाका साथै सुझाव सङ्कलन गरिएको थियो।

देवानी संहिता तथा देवानी कार्यविधि संहिताको प्रस्तावित संशोधन मसौदाका सम्बन्धमा पटक पटक गरी सघींय संसदको प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्य, उच्च अदालतका माननीय न्यायाधीशहरु, जिल्ला न्यायाधीशहरु, वरिष्ठ अधिवक्ता, अधिवक्ता, कानून विषय अध्ययन गराउने विभिन्न कलेजका प्राध्यापक तथा उपप्राध्यापकहरु, महिला अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधीहरु तथा अन्य सरोकारवाला निकायसँग अन्तर्क्रिया कार्यक्रम गरी राय प्रतिक्रिया तथा सुझाव लिएको थियो।

त्यसैगरी कानून मन्त्रालय र Japan International Cooperation Agency (JICA) Nepal Office को संयुक्त आयोजना तथा कानून आयोगको सहकार्यमा देवानी संहिता तथा देवानी कार्यविधि संहिताको कार्यान्वयन पश्चात सोको सुधार सम्बन्धी उच्चस्तरीय छलफलमा काठमाण्डौ उपत्यका बाहिरका जिल्ला न्यायाधीशहरु, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएशन, सर्वोच्च बार एशोशिएसन तथा राष्ट्रिय न्यायिक प्रतिष्ठानका प्रतिनिधीहरु, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरु र विभिन्न मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरु समेतले छलफल गरी राय प्रतिक्रियाका साथै सुझाव सङ्कलन गरिएको थियो।

देवानी संहिता तथा देवानी कार्यविधि संहिताको सुझाव संकलनको क्रममा कानून आयोगले प्रतिनिधिसभा तथा राष्ट्रिय सभाका माननीय सदस्यहरु, नेपाल ल क्याम्पसका उपप्राध्यापकहरु, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरु, नेपाल बार एशोसियशनका महासचिव, देवानी संहिता तथा देवानी कार्यविधि संहिता जारी गर्दा संलग्न तत्कालिन व्यवस्थापिका-संसदका सदस्यहरु र विभिन्न नागरिक समाजका प्रतिनिधीहरुसंग प्रस्तावित मसौदामा अन्तरक्रिया तथा छलफल गरी राय सुझाव लिएको थियो ।

विगतमा कानून आयोगले अपनाएको सर्वोत्तम अभ्यास अनुसार काठमाण्डौ उपत्यका र काठमाण्डौ उपत्यका बाहिरका सरोकारवालाहरुसँग परामर्श बैठक गर्नु पर्नेमा यस वर्ष कोभिड-१९ को प्रकोपको कारणले काठमाण्डौ उपत्यका बाहिरका सरोकारवालाहरुसँग परामर्श बैठक गर्न सम्भव हुन सकेन।

कार्यदलले विभिन्न चरणमा भएका अन्तर्क्रिया कार्यक्रम तथा परामर्श बैठकबाट प्राप्त टिप्पणी, सुझाव तथा सिफारिस र विभिन्न विज्ञहरुसँग गरेको छलफलको आधारमा परिमार्जित गरी प्रस्तावित मस्यौदा तयार गरी आयोग समक्ष पेश गरेको छ।

४. **संशोधनको विवरण र त्यसको कारण** :

देवानी संहिता तथा देवानी कार्यविधि संहितामा गरिएको मुख्य-मुख्य संशोधन र त्यसको आधार र कारण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**(१) मुलुकी देवानी संहिता, २०७४**

(क) **मृत्यु घोषणा भएकी पत्नीको पतिले अर्को विवाह गरेको अवस्था** : मुलुकी देवानी संहिताको दफा ४० को उपदफा (१)[1] मा कुनै व्यक्ति बिना सूचना लगातार बाह्र वर्षदेखि बेपत्ता भएमा वा त्यस्तो व्यक्तिको सम्बन्धमा स्वभाविक रूपमा जानकारी पाउने व्यक्तिले बाह्र वर्षदेखि कुनै जानकारी नपाएमा त्यस्तो व्यक्ति जीवित रहेको प्रमाण प्राप्त भएकोमा बाहेक त्यस्तो व्यक्तिको मृत्यु भएको मानिने व्यवस्था रहेको छ ।

त्यसै गरी सोही दफाको उपदफा (४)[2] मा कुनै व्यक्ति बिना सूचना बेपत्ता भएको वा कुनै विपद् वा दुर्घटनामा परेकोले निजको मृत्युको सम्बन्धमा न्यायिक घोषणा गरी पाउँ भनी त्यस्तो व्यक्ति बेपत्ता भएको वा मृत्यु भएको मिति, ठेगाना, कारण र आधार सहित खुलाई सरोकारवाला व्यक्तिले निवेदन दिएमा अदालतले सबुत प्रमाण बुझी त्यस्तो व्यक्तिको सम्बन्धमा मृत्युको न्यायिक घोषणाको आदेश गर्न सक्नेछ ।

यसै सन्दर्भमा, सोही दफाको उपदफा (५) मा मृत घोषित भइसकेको व्यक्ति जीवित रूपमा फर्की अघि भएको न्यायिक घोषणा बदर गरी पाउँ भनी निज आफैंले वा निजको मृत्यु भएको मिति न्यायिक घोषणा भएको मितिभन्दा फरक परी मृत्यु सम्बन्धी न्यायिक घोषणा संशोधन गरी पाउँ भनी निजको हकदारले निवेदन दिएमा अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो न्यायिक घोषणाको आदेश संशोधन वा बदर गर्नेछ । कुनै जीवित पत्नीले पतिको मृत्युको

1 मुलुकी देवानी संहिता, २०७४, दफा ४० को उपदफा (१)।

2 मुलुकी देवानी संहिता, २०७४, दफा ४० को उपदफा (४)।

न्यायिक घोषणाको आदेश भएपछि अर्को विवाह गरेको रहेछ भने घोषित व्यक्तिसँग (पूर्व पति) को वैवाहिक सम्बन्ध पुनः स्थापित हुन सक्ने छैन[3] भनी स्पष्ट व्यवस्था गरेको छ ।

तर, कुनै पुरुषको पत्नी बाह्र वर्षसम्म वेपत्ता भएको कारणले निजको मृत्यु भएको न्यायिक घोषणा पश्चात यदि जिवित नै फिर्ता आएको अवस्थामा वैवाहिक स्थिति के हुने भन्ने बारेमा कानून मौन रहेको छ। न्यायिक घोषणा पश्चात पत्नी जिवित नै फिर्ता आई न्यायिक घोषणा बदर गराएको अवस्थामा पतिलाई बहुविवाह मुद्दा लाग्न सक्ने वा नसक्ने स्पष्ट नभएकोले कुनै जिवीत पतिले आफ्नो पत्नी बाह्र वर्षसम्म वेपत्ता भएको कारणले निजको मृत्यु भएको न्यायिक घोषणा पछि अर्को विवाह गरेको रहेछ भने त्यस्तो पुरुषको वैवाहिक सम्बन्धमा कुनै असर नपर्ने गरी व्यवस्था गर्न आवश्यक देखिन्छ।

**(ख) <u>कुष्ठ रोगीसँग झुक्याई विवाह गर्न वा गराउन नहुने व्यवस्था खारेज गर्न आवश्यकः</u>**

मानव अधिकार परिषद्ले साउन १, २०७७ मा कुष्ठरोगबाट प्रभावित व्यक्ति र तिनका परिवार माथि हुने भेदभाव उन्मूलनसम्बन्धी विशेष प्रतिवेदकको कार्यदिशका लागि सङ्कल्प पत्र पारित गरेको देखिन्छ।[4] यस सङ्कल्प पत्र मार्फत परिषद्ले राज्यलाई कुष्ठ रोग तथा तिनका परिवारले सामना गर्नु पर्ने भेदभावपूर्ण व्यवहारको अन्त्य गरी उनीहरूको समावेशिता र सहभागितालाई सहज बनाउने नीतिको निर्माण गर्ने कार्यलाई अझै सशक्त बनाउन आव्हान गरेको पाइन्छ। कुष्ठ रोग पूर्ण रुपमा निको हुने रोगको रुपमा प्रमाणित भइसकेको अवस्थामा एक पटक कुष्ठ रोग लागि निको भइसकेका व्यक्तिसँग विवाह गराउन नहुने प्रावधान आफैमा कुष्ठ रोगी प्रति अपमानजनक तथा भेदभावजनक रहेको देखिन्छ। देवानी

---

3 मुलुकी देवानी संहिता, २०७४, दफा ४० को उपदफा (५)।

4 Human Right Council, Resolution 44/6, Elimination of discrimination against persons affected by leprosy and their family members, Adopted on 16th July, 2020.

संहिताको दफा ७१ को उपदफा (२) को खण्ड (ग) मा रहेको उक्त प्रावधनलाई खारेज गरी सो भेदभावजन्य प्रावधानलाई हटाउन आवश्यक देखिन्छ।

**(ग)** **विवाह दर्ताको विषयमा कानूनी व्यवस्थामा स्पस्टताः** देवानी संहिताको दफा ७६ को उपदफा (१) मा उल्लेख भएको विवाह दर्ता अधिकारी राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ ले नतोकेको हुदाँ हाल यस विषयमा प्रचलित कानून मौन भएको पाइन्छ। सो ऐनले विवाह दर्ता अधिकारी नतोकेकोले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी समक्ष विवाह दर्ताको निवेदन दिन आवश्यक देखिन्छ। त्यसैगरी सोही दफाको उपदफा (३)[5] मा प्रचलित कानून बमोजिमको ढाँचामा विवाह दर्ताको प्रमाणपत्र प्रदान गर्नुपर्नेमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ मा प्रमाणपत्रको ढाँचाको विषयमा मौन रहेको हुँदा प्रमाणपत्रको ढाँचाको व्यवस्था गर्न आवश्यक भएकोले नेपाल सरकारले नेपाल राजपत्रमा तोकेको ढाँचामा प्रमाणपत्र दिन आवश्यक भएको देखिन्छ। साथै, दफा ८० को उपदफा (२) मा विवाह दर्ताको निवेदन दिएको अवस्थामा प्रचलित कानून बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नु पर्नेमा[6] प्रचलित कानून यस विषयमा मौन रहेको र सोको आवश्यकता भएको हुनाले नेपाल सरकारले नेपाल राजपत्रमा तोकेको ढाँचामा प्रमाणपत्र दिन आवश्यक देखिन्छ।

**(घ)** **पितृत्व इन्कार गर्न सक्ने व्यवस्थामा स्पष्टताः** देवानी संहिताको दफा १०७ को उपदफा (२) मा पति पत्नी बीच अन्यथा सहमति भएकोमा बाहेक विवाह भएको एक सय असी दिन अगाडि नै पत्नीबाट जन्मिएको शिशुको पितृत्वलाई पतिले र

5 मुलुकी देवानी संहिता, २०७४, दफा ७६ को उपदफा (३)।

6 मुलुकी देवानी संहिता, २०७४, दफा ८० को उपदफा (२)।

त्यस्तो शिशुको जन्म हुनु अगाडि नै पतिको मृत्यु भइसकेको रहेछ भने निजको हकवालाले इन्कार गर्न सक्नेछ[7] भन्ने व्यवस्था रहेको छ।

उक्त व्यवस्थाले कुनै महिलासंग विवाह भएको १८० दिन अगाडी नै जन्मिएको शिशुलाई इन्कार गर्न सक्ने हुँदा सो व्यवस्थालाई संशोधन गरी विवाह भएको १८० दिन भित्र जन्मिएको शिशुको पितृत्वलाई पति (बाबु) वा पतिको हकवालाले इन्कार गर्न सक्ने हुनु पर्नेमा देखिएकोले समसामयिक रुपमा मिलाउन आवश्यक देखिन्छ।

**(ङ)** **<u>छोरा छोरीले अंश पाउनेः</u>** पतिको कारणबाट सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नु अघि पति पत्नी बीच अंशबण्डा गर्न लगाउनु पर्ने व्यवस्था देवानी संहिताले गरेको छ।[8]

देवानी संहिताको दफा २१४ को उपदफा (२) मा विधवाले अर्को विवाह गरेमा निजले अंश बापत पाएको सम्पत्ति त्यस्ती विधवाको अघिल्लो पति तर्फ छोरा छोरी भएमा त्यस्ता छोरा छोरीले र नभएमा निज आफैंले लिन पाउने[9] व्यवस्था रहेको छ।

त्यसैगरी सोही संहिताको दफा १०३ मा सम्बन्ध विच्छेद गरेकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति निजका छोरा, छोरी भए त्यस्ता छोरा छोरीले र छोरा छोरी नभए पूर्व पतिबाट पाएको सम्पत्ति त्यस्ता पतिले र अन्य सम्पत्ति माइतीपट्टिका हकवालाले पाउने व्यवस्था रहेको छ।

तर सम्बन्ध विच्छेद गरेकी महिलाले अर्को विवाह गरेको अवस्थामा निजको पूर्व पतिबाट लिएको अंशको व्यवस्थापनको बारेमा कानून मौन रहेको छ ।

---

7 मुलुकी देवानी संहिता, २०७४, दफा १०७ को उपदफा (२)।

8 मुलुकी देवानी संहिता, २०७४, दफा ९९ उपदफा (१) ।

9 मुलुकी देवानी संहिता, २०७४, दफा २१४ को उपदफा (२)।



नेपाल कानून आयोग

विधवा (एकल महिला) ले अर्को विवाह गरेमा निजले अंश बापत पाएको सम्पत्ति अघिल्लो पति तर्फका छोरा छोरीलाई दिनु पर्ने तर सम्बन्ध विच्छेद गरेकी महिला (एकल महिला) ले अर्को विवाह गरेमा अंश बापत पाएको सम्पत्ति छोरा छोरीलाई दिन नपर्ने व्यवस्था आफैमा (एकल महिलाबीच) असमान देखिएकोले समान अवस्थाका महिलालाई (दुवै महिलाको अवस्था एकल रहेको) समान व्यवस्था गराउन आवश्यक देखिन्छ ।

देवानी संहिताले महिलाले पिता र विवाह पश्चात पतिको तर्फबाट अंश पाउने हक सुरक्षित गरेको छ। महिलाले सम्बन्ध विच्छेद गरी अर्को विवाह गरे तापनि नयाँ पति तर्फबाट अंशको हक स्थापित हुनेछ।

त्यसै गरी देवानी संहिताको दफा ११४ को उपदफा (१) मा प्रत्येक नाबालकलाई आमा बाबुले संयुक्त रूपमा हेरचाह र स्याहार सम्भार गर्नु पर्ने[10] व्यवस्था रहेको छ।

त्यस्तै सोही संहिताको दफा ११५ को उपदफा (१) मा पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा निजहरूबाट जन्मिएको नाबालकको बारेमा स्पष्ट व्यवस्था गरी पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभएपनि निजले चाहेमा आमाको जिम्मा, पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मा र अन्य अवस्थामा बाबुको जिम्मा रहने भनी बाबुलाई नाबालकको दायित्व सुम्पेको छ।

त्यस्तै सोही दफाको उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा "आमाले अर्को विवाह गरिसकेकोमा पाँच वर्ष पूरा भएको नाबालक जिम्मा लिन निजलाई कर

[10] मुलुकी देवानी संहिता, २०७४, दफा ११४ को उपदफा (१)।

लाग्ने छैन" भन्ने व्यवस्था गरेकोले नाबालकको हकमा बाबुलाई कुनै हालतमा जिम्मेवारीबाट पन्छिन पाउने व्यवस्था गरेको देखिदैन।

त्यसै गरी देवानी संहिताको दफा को उपदफा ११८ (१) मा "पति पत्नी बीचको वैवाहिक सम्बन्ध अन्त्य भए तापनि निजहरूबाट जन्मिएका छोरा, छोरीको बाबु, आमा माथिको कानूनी अधिकार र निज प्रतिको बाबु, आमाको दायित्व कायमै रहनेछ" भन्ने व्यवस्था समेत रहेकोले सम्बन्ध बिच्छेद गरेको महिलाको छोरा छोरी रहेछन् भने निजले छोरा छोरी उपरको कानूनी दायित्व बहन गर्नु पर्ने र त्यस्तो दायित्वबाट पन्छिन मिल्ने होइन। महिलाले सम्बन्ध विच्छेद गर्दैमा आफ्नो छोरा छोरी प्रतिको दायित्व अन्त्य हुने पनि होइन। यसका साथै छोरा छोरी आफ्नै संरक्षकत्वमा राखेको अवस्थामा बाहेक उक्त महिलाले सम्बन्ध विच्छेद गर्दा आफ्नो छोरा छोरी प्रतिको दायित्वबाट उन्मुक्ति पाउने अवस्था हुँदैन।

तसर्थ, पूर्व पति तर्फको छोरा छोरीको पैतृक सम्पत्ति माथिको अधिकार संरक्षण गर्न, आमाबाबुबाट छोरा छोरी प्रतिको दायित्व समान गर्न समेत अंश लिई सम्बन्ध बिच्छेद गरेकी महिलाले अर्को विवाह गरेमा निजले अंश बापत पाएको सम्पत्ति निजको पूर्व पति तर्फका छोरा छोरी भएमा त्यस्ता छोरा छोरीले पाउने र त्यस्ता छोरा छोरी नभएमा निज आफैंले पाउने व्यवस्था गर्न उपयुक्त र आवश्यक भएको छ।

(च) **जन्म दर्ताको प्रावधानलाई व्यक्तिगत घटना दर्ता सम्बन्धी कानून अनुरुप बनाउन आवश्यकः** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र देवानी संहितामा रहेको जन्म दर्ता सम्बन्धी व्यवस्था फरक फरक रहेको छ। देवानी संहिताको दफा ११३ को उपदफा (१) मा कानूनले तोकेको अधिकारी समक्ष निवेदन

गर्नुपर्ने व्यवस्था रहेकोमा हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा सो सम्बन्धी व्यवस्था नरहेकोले उक्त प्रावधानलाई संशोधन गरी कार्यान्वयनयोग्य बनाउन आवश्यक रहेको छ। त्यसैगरी सोही दफा ११३ को उपदफा (२) मा ऐनमा तोकिएको समयमा जन्म दर्ता नगरेमा जन्म दर्ता गराउनु पर्ने दायित्व भएको परिवारको सदस्यलाई जरिवाना हुने भन्ने व्यवसथा रहेकोमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा यसरी जन्म दर्ता नगरेमा विलम्ब शुल्क लिने व्यवस्था भएकोले सोही बमोजिम मिलाउन आवश्यक रहेको छ।

त्यसैगरी सोही दफाको उपदफा (५) मा उल्लेख भए बमोजिम जन्म दर्ताको विवरण नेपाल सरकारको मन्त्रालयमा पठाउने व्यवस्था भएकोमा प्रस्तुत विषय संघको अधिकारक्षेत्रभित्र नपरी प्रदेशको अधिकारक्षेत्रको रहेको र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा त्यस्तो विवरण केन्द्रीय पञ्जिकाधिकारी तथा प्रदेश सरकारको सम्बन्धित निकायमा पठाउने व्यवस्था भएकोले[11] सोही बमोजिम संशोधन गर्न आवश्यक भएको छ । यस कारण सोही दफामा रहेको उपदफा (६) को व्यवस्था समेत स्वतः निष्कृय रहने हुँदा उपदफा उपदफा (६) लाई खारेज गरी संशोधन गर्न आवश्यक देखिन्छ।

**(छ)** **<u>संहितामा बालमैत्री शब्दको प्रायोग गर्न आवश्यक:</u>** देवानी संहिताको दफा १२४ को दफा शिर्षकमा नाबालक आमा बाबुको सुपरीवेक्षण र नियन्त्रणमा रहने व्यवस्था भएकोमा बालबालिका आमा बाबुको संरक्षणमा रहने भएकोले नियन्त्रण शब्द प्रयोग गर्नुको सट्टा बालबालिकामैत्री शब्दको रुपमा संरक्षण शब्द प्रयोग गर्न आवश्यक देखिन्छ।

11 राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६, दफा २७ उपदफा (१) ।

(ज) **धर्मपुत्र धर्मपुत्री राख्न सक्ने व्यवस्थामा संशोधनको आवश्यकताः** मुलुकी देवानी संहिता, २०७४ को दफा १७२ उपदफा (१) को खण्ड (क) मा विवाह भएको दश वर्षसम्म पनि सन्तान नभएका दम्पतिलाई धर्मपुत्र धर्मपुत्री राख्न सक्ने[12] व्यवस्था गरेको देखिन्छ। अहिलेको अवस्थामा कुनै दम्पत्तिबाट जायजन्म हुने वा नहुने भन्ने कुरा प्रमाणित गर्ने आधुनिक चिकित्सा विधीहरु विकसित भइसकेका छन्। पति वा पत्नी वा दुवैको कारणबाट जायजन्म हुन नसक्ने अवस्थामा धर्मपुत्र धर्मपुत्री राख्ने विकल्पलाई प्रवर्द्धन गर्दा छोरा छोरीको प्राप्तिबाट बञ्चित हुने अवस्थाको अन्त्य भई धर्मपुत्र धर्मपुत्रीलाई समेत धर्मपिता र धर्ममाताको प्राप्तिको अवसर सिर्जना हुने देखिन्छ।

विवाह पश्चात् आधुनिक चिकित्सा विधीबाट परीक्षण गर्दा छोरो छोरीको जायजन्म हुने सम्भावना नदेखिएको भनी प्रमाणित भएको अवस्थामा त्यस्ता दम्पत्तिले विवाह भएको दश वर्षसम्म धर्मपुत्र धर्मपुत्री राख्न पर्खन नपरोस र त्यस्ता दम्पत्तिबाट जायजन्म नहुने प्रमाणित भएमा सन्तान प्राप्तिबाट वञ्चित हुने अवस्थाको अन्त्य गर्न आवश्यक भएको हुँदा दफा १७२ को उपदफा (१) को खण्ड (क) मा प्रतिवन्धात्मक वाक्यांश थप गरी उक्त दशवर्षको अवधिलाई पाँचवर्ष सम्म सिमित बनाउन आवश्यक देखिन्छ।

(झ) **नाताको विवादको निरुपणका लागि कानूनी व्यवस्थाको आवश्यकताः** अंश सम्बन्धी नालिस परेपछि कतिपय अवस्थामा नाता सम्बन्धी विवाद शुरु हुने गर्दछ। यसरी नाताको विवाद परेमा अंशबण्डा सम्बन्धी मुद्दा तामेलीमा रहने गरेको देखिन्छ। अंशबण्डाको विषय र नाताको विवाद एक अर्कोमा सम्बन्धित रहेको तथा सम्वेदनशिल हुन्छ। कतिपय अवस्थामा नाताको विवाद परेपछि अंशको विवाद

[12] मुलुकी देवानी संहिता, २०७४, दफा १७२ को उपदफा (१) को खण्ड (क)।

अगाडी नबढने र सो विषयमा कानूनमा कुनै व्यवस्था नभएकोले पहिले नाताको विवाद निरुपण गर्नु पर्ने विषयलाई समावेश गर्न आवश्यक देखिन्छ।

(ञ) **<u>फाँटवारी दिनु पर्ने व्यक्तिले फाँटवारी नदिएमा त्यस्तो सम्पत्ति लुकाए वा छिपाएको मानिने व्यवस्थाः</u>** हाल देवानी संहिताको दफा २२५ को उपदफा (१) मा "सम्पत्तिको फाँटवारी दिनु पर्ने व्यक्तिले फाँटबारी नदिएमा वा निजले प्रतिउत्तर पेश नगरी म्याद गुजारी बसेमा र अंश पाउँ भन्नेले समेत सम्पत्तिको फाँटवारी दिन नसकेमा अदालतले सोही कुरा खुलाई नालिस गर्नेको कागज गरी पछि फाँटबारी दिएका बखत अंशबण्डा हुने गरी मुद्दा तामेलीमा राख्नु पर्नेछ" भनी मुद्दा तामेलीमा जाने व्यवस्था रहेको छ। फाटँबारी बुझाउनु पर्ने व्यक्तिले फाँटबारी नबुझाउनाले अन्य अशिंयारले सगोलको सम्पत्ति माथिको अधिकारबाट समेत वञ्चित हुने अवस्था रहेको छ भने त्यस्ता मुद्दा समयमा फैसला हुन नसक्ने अवस्था रहेको देखिन्छ। जसले गर्दा अंश लिई सम्बन्ध बिच्छेद गर्न चाहने महिलालाई अन्याय पर्न जाने देखिन्छ ।

फाँटवारी दिनु पर्ने व्यक्ति (वादी वा प्रतिवादी वा दुवै) ले म्यादभित्र फाँटवारी नदिएमा त्यस्तो सम्पत्ति लुकाए छिपाएको मानिने व्यवस्थाले अशंबण्डाको प्रक्रिया छिटो र सम्बन्धित अंशियारले आफ्नो आफ्नो अंश समयमानै पाउने अवस्था हुन्छ। सम्पत्तिको फाँटवारी दिनु पर्ने व्यक्तिले म्यादभित्र फाँटवारी नदिएमा त्यस्तो सम्पत्ति देवानी संहिताको दफा २२६ बमोजिम लुकाए वा छिपाएको मानिने व्यवस्था थप गरी उक्त जटिलताको निरुपण गर्न आवश्यक देखिन्छ।

(ट) **<u>सगोलको सम्पत्ति लिई अर्को विवाह गरेमा सम्पत्ति फिर्ता पाउने</u>**ः देवानी संहिताको दफा २०५ मा सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि पति, पत्नी, बाबु,

आमा, छोरा, छोरी अंशियार मानिने[13] व्यवस्था रहेको छ । त्यसै गरी दफा २०६ को उपदफा (१) मा प्रत्येक अंशियार अंशको समान हकदार हुने व्यवस्था रहेको छ । अंशबण्डा नहुँदै विवाहित महिलाले सगोलको सम्पत्ति लिई अर्को विवाह गरेमा त्यस्तो सम्पत्ति कस्को हुने भन्ने बारेमा देवानी संहितामा कुनै व्यवस्था गरेको देखिंदैन। यदि विवाहित महिलाले पति तर्फ अशंबण्डा नहुँदै सगोलको सम्पत्ति (पति, पत्नी, बाबु, आमा, छोरा, छोरीको अंश भाग लाग्ने) लिई अर्को विवाह गरेको अवस्थामा त्यस्तो सम्पत्ति फिर्ता गरी सगोलको सम्पत्तिका अंशियारको हक स्थापित गर्न आवश्यक रहेको छ। कुनै विवाहित महिलाले अंशबण्डा हुने पति तर्फको सगोलको सम्पत्ति लिई अर्को विवाह गरेमा त्यस्तो सम्पत्ति निजको पूर्व पति, छोरा छोरी वा पूर्व पतिका अंशियारलाई फिर्ता गर्नु पर्ने भनी व्यवस्था गर्नुपर्ने आवश्यक देखिन्छ।

(ठ) **<u>गुठीको उचित सञ्चालन र सम्पत्तिको व्यवस्थापन गर्न आवश्यक भएको:</u>** गुठीको सञ्चालन, सम्बर्द्धन तथा व्यवस्थापन एक महत्वपूर्ण विषय हो। गुठीको व्यवस्थापकले गुठीको सम्पतिको उचित व्यवस्थापन गर्न असमर्थ हुँदा उक्त सम्पत्ति नोक्सान हुने सम्भावना बढेर जाने देखिन्छ। यस समस्याको समाधान स्वरुप गुठीको सम्पत्ति खिया लागी, टुटी फुटी, सडिगली वा अन्य कुनै किसीमले नोक्सान हुन जाने देखिएमा त्यस्तो सम्पत्तिलाई तत्कालै नोक्सान नहुने प्रकृतिको सम्पत्तिमा परिवर्तन गर्न सक्ने तर बेचबिखन गर्न नपाउने प्रावधानको आवश्यकता रहेको छ। साथै, यस प्रावधानले गुठीको उचित सञ्चालन र प्रभावकारी व्यवस्थापनका लागि समेत आवश्यक रहेको देखिन्छ।

---

[13] मुलुकी देवानी संहिता, २०७४, दफा २०५।

(ङ) **<u>घरबहालको सम्झौताका सम्बन्धमा संशोधन आवश्यकः</u>** देवानी संहिताको दफा ३८६ को उपदफा (२) मा मासिक बीस हजार रूपैयाँसम्मको घर बहालमा लिन दिन बहाल लिने व्यक्तिसँग लिखित सम्झौता गर्नु नपर्ने व्यवस्था रहेको छ। तर, हाल सामान्य बसोबास गर्न समेत बीस हजार रूपैयाँभन्दा बढी घरबहाल तिर्नु पर्ने अवस्था रहेको छ। जुन शहरमा घरबहालमा बस्नेहरुको लागि व्यवहारिक देखिदैन। यसरी हालको परिप्रेक्षमा बीस हजार रूपैयाँसम्म कायम गर्दा समसामयिक र व्यवहारिक नभएको कारण स्थानीय तहमा दर्ता हुने गरेको देखिँदैन। सोही कारण सम्झौता गर्नु पर्ने घरबहालको दरको हदलाई बढाई एकलाख रुपैयाँ भन्दा बढीको घरबहालको सम्झौतामात्र स्थानीय तहमा दर्ता गर्नलाई थप प्रभावकारी र कार्यान्वयन योग्य बनाउन आवश्यक देखिन्छ।

साथै, सोही संहिताको दफा ४६४ को उपदफा (१) को खण्ड (ज) मा मासिक एक लाख रूपैयाँभन्दा बढी घर बहाल लिनु दिनु गरेको लिखत सम्बन्धित कार्यालयबाट पारित गराउनु पर्ने[14] व्यवस्था रहेको छ। त्यस्तो लिखत सम्बन्धित कार्यालयबाट पारित नगराएमा कानूनी मान्यता पाँउदैन। हालको अवस्थामा व्यवसायिक रुपमा मासिक एकलाख रुपैंया घर बहाल लिने विषय सामान्य बन्दै गएकोले पाँचलाख रुपैंयासम्मको घर बहालको लिखतलाई पारित गरिरहन नपर्ने र सो भन्दा बढीको घरबहाल सम्बन्धी लिखतमात्र पारित गरी समयानुकुल बनाउन समेत आवश्यक देखिन्छ।

[14] मुलुकी देवानी संहिता, २०७४, दफा ४६४ को उपदफा (१) को खण्ड (ज)।

(२) **<u>मुलुकी देवानी कार्यविधि संहिता, २०७४</u>**

मुलुकी देवानी संहिता, २०७४ को संशोधनसंगै त्यसको कार्यविधिको रुपमा रहेको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ का केही प्रावधानहरुको संशोधन र केही नयाँ प्रावधानहरुको व्यवस्था हुन आवश्यक देखिएको छ। देवानी कार्यविधि संहितामा समावेश गर्न आवश्यक देखिएका केही नयाँ व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् :-

**(क) <u>मान्य हुने लिखतको रकमको हद बढाउन आवश्यक:</u>** देवानी कार्यविधि संहिताको दफा ३६ को उपदफा (२) मा ल्याप्चे सहीछाप गर्नु पर्ने पचास हजार रुपैयाँभन्दा बढी रकमको वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो रकममा नघट्ने गरी निर्धारण गरेको रकमभन्दा बढी रकमको नेपालभित्र घरसारमा तयार भएको लिखत सम्बन्धित पक्षहरू स्थानीय तह वा स्थानीय तहको वडा कार्यालयमा उपस्थित भई सक्कल लिखतको शिरमा त्यस्तो कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ र त्यसरी प्रमाणित गर्दा लिखतमा लिखतका कारणीहरूलाई प्रमाणित गर्ने कार्यालयले सहीछाप गराउनु पर्नेछ भनी व्यवस्था भएको देखिन्छ।

हालको परिप्रेक्षमा पचास हजार रुपैयाँभन्दा बढी रकमको लिखत दर्ता गराउनु पर्ने प्रावधान कार्यान्वयन नभएकोले सोको हद बढाई कार्यान्वयन प्रभावकारी बनाउन उक्त रकमको हदलाई बढाउन आवश्यक देखिन्छ। सोको लागि हाल रहेको पचास हजार रुपैयाँभन्दा बढीको लिखतको सट्टा एकलाख रुपैयाँ भन्दा बढीको लिखत दर्ता गराउनु पर्ने व्यवस्था गर्न आवश्यक देखिएको छ।

**(ख) <u>अदालतले अवहेलनामा कारबाही चलाउन वा कारबाही गर्न सक्ने विषयलाई थप प्रभावकारी बनाउन आवश्यक:</u>** हाल देवानी कार्यविधि संहिताको दफा २५२ को उपदफा (१) मा मुद्दामा फैसला कार्यान्वयन गर्ने कार्यमा सहयोग गर्नु मुद्दाका

पक्षको कर्तव्य रहने व्यवस्था रहेको देखिन्छ। तर, फैसला कार्यान्वयन गर्ने कार्यमा अवरोध गरेमा कसैले जानकारी नदिई अदालतले कसरी कारबाही चलाउने भन्ने विषयमा उक्त दफा मौन रहेको देखिन्छ। तसर्थ सोही दफाको उपदफा (१)[15] पछि उपदफा (१क.) थप गरी फैसला कार्यान्वयन गर्न खटिएका कर्मचारीले अवरोध गर्ने व्यक्तिको नाम र ठेगाना प्रतिवेदनमा उल्लेख गर्ने र सोको आधारमा कारबाही गरी फैसला कार्यान्वयनमा सहजता ल्याउन आवश्यक देखिन्छ।

त्यसैगरी फैसला कार्यान्वयन गर्ने कार्यमा अवरोध गर्ने व्यक्तिलाई अदालतले कानून बमोजिम अवहेलनामा कारबाही चलाउन वा एक हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था सोही दफाको उपदफा (२) मा रहेको छ। तर, फैसला कार्यान्वयन गर्ने कार्यमा अवरोध गर्ने व्यक्तिलाई अवहेलनामा कारबाही चलाउने आधार स्पष्ट पार्न र अदालतले कर्मचारीको प्रतिवेदन वा पक्षको माग बमोजिम अवहेलनामा कारबाही चलाउने व्यवस्था गर्न आवश्यक देखिन्छ।

**५.** उपर्युक्त व्यवस्थाहरुको लागि प्रस्तावित मस्यौदा तथा त्यसको औचित्य र उपादेयता सहितको तीन महले विवरण तथा देवानी संहिता र देवानी कार्यविधि संहितामा गर्नु पर्ने अन्य सामयिक सुधार र त्यस सम्बन्धी प्रस्तावित व्यवस्था तथा त्यसको औचित्य सम्बन्धी तीन महले विवरण यसै प्रतिवेदनसाथ संलग्न गरिएको छ।

**६.** यस अघि विभिन्न प्रकरणहरुमा लेखिएका आधार र कारण सहित मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा प्रस्ताव गरिएका यसैसाथ संलग्न मस्यौदा बमोजिम संशोधन हुन उपयुक्त देखी आवश्यक कारबाहीको लागि नेपाल

[15] मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५२ को उपदफा (१)।

कानून आयोग ऐन, २०६३ को दफा १० को उपदफा (ढ) बमोजिम नेपाल सरकार समक्ष सिफारिस गरिएको छ।

नेपाल कानून आयोग